
"सुशासन, कृषि, शिक्षा,पर्यटन र पूर्वाधार डुङ्गेश्वर समृद्धीको मूलआधार"



# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९

## डुङ्गेश्वर गाउँपालिका दैलेख

## कर्णाली प्रदेश

कार्यपालिकाबाट स्वीकृत भएको मितिः २०७९/०७/२४

प्रमाणीकरण मिति : २०७९/०७/२४

## १. पृष्ठभुमि

नेपालको संबिधान २०७२ को प्रस्तावनामै लैङ्गिक बिभेद अन्त्य गरी समानुपातिक समाबेशी र सहभागितामूलक सिद्यान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । बहु-जातीय, बहु-भाषिक, बहु-धार्मिक, बहु-सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, भाषिक, धार्मिक, लैंगिक विभेद, क्षेत्रीय, र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

संविधानको धारा १६ मा सबै व्यक्तिहरुको सम्मान पूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १८ मा समानताको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ बाल अधिकार, धारा ४० मा दलितको हक, धारा ४१ जेष्ठ नागरीकको हक, धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको, धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको र धारा ५१ (ज) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ मा राज्यले गर्नु पर्ने दायित्वबारे व्यवस्था गरेको छ ।

त्यसै गरी राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको छ । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका *सिमान्तकृत वर्ग तथा समूह (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, पिछडिएको क्षेत्र आदि)* लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ । त्यस्तै समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ ।

योजनागत रुपमा राष्ट्रिय योजना आयोगले पन्धौं योजना (आ.ब. २०७६/७७-२०८०/८१) को आधार– पत्र तर्जुमा गर्दा संविधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा ब्यक्त प्रतिवद्धताहरुलाई केन्द्रमा राखेको छ । यसका साथै नेपाल सरकारले ***"समद्ध नेपाल, सुखी नेपाली"*** को राष्ट्रिय सोच (**Vision**) पुरा गर्न आउदो २५ बर्षका लागि एक दीर्घकालीन सोच तयार गरेकोछ । उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा पन्ध्रौं योजना तर्जुमा गरिएकोछ । यहि तथ्यलाई ध्यानमा राखी लैंगिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागितामा सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएकोछ ।

तदनुसार ***लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.)*** मैत्री शासन व्यवस्थालाई संस्थागत गर्दै महिला लगायत सबै सिमान्तकृत वर्ग तथा समूहहरुको सम्मानित जीवनयापनको बातावरण सुनिश्चित गर्ने, महिला

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्ने, आर्थिक सम्बृद्धि तथा दिगो विकासका लागि महिलाको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन, अवसर तथा लाभमा महिलाहरुको समान पहुच सुनिश्चित गर्ने आदि उद्देश्यहरु पन्ध्रौ योजनाको उद्देश्यको रुपमा राखेकोछ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले गाउँपालिकाले आफनो अधिकार क्षेत्रभित्रका विपयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत रुपमा मध्यकालीन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विपयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ ।

माथि उल्लेखित बिभिन्न ऐन, कानून, योजना तथा नीतिगत प्रावधानहरुलाई कार्यान्वयन गर्न विभिन्न मन्त्रालयहरुले जस्तैः स्थानीय विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०६६", संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका "लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति, २०७५", स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति २०६६", शहरी विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशि मार्गदर्शन, २०७०", अर्थ मन्त्रालयको "प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले बिभिन्न नीति, कार्यविधि आदि जस्तैः राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, लैगिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल परिचालन सम्बन्धी कार्यविधि, २०७५, ज्येष्ठ नागरिक, अपांगता भएका ब्यक्ति, महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तह मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६, अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७, आदि तयार गरि कार्यान्वयन भईरहेको अवस्था छ ।

अन्तर्राष्ट्रिय तहमा पनि नेपालले मानव अधिकार सम्बन्धी ९ वटा ठूला महासन्धीहरु मध्ये ७ वटालाई अनुमोदन गरि पक्ष राष्ट्र भई सकेकोछ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो । नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमध्ये शिक्षामा भेदभाव विरुद्धको महासन्धि, १९६०, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६, महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९, बाल अधिकार सम्बन्धी महसन्धि, १९८९, द्वन्द्ववाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र, १९७४, महिला बिरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९१, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि न. १६९, २००७, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्वाट महिला, शान्ति र सुरक्षाका सम्बन्धमा पारित प्रस्ताव नं १३२५ र महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं १८२०, प्रस्ताव नं १८८८ प्रमुख हुन् । उक्त महासन्धिका विभिन्न समितिहरूले समय समयमा नेपालको लागि दिएका सिफारिसहरू कार्यान्वयन गर्नु पनि सरकारको दायित्व हो ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा हासिल गर्ने गरी जारी गरिएको दिगो विकास लक्ष्य अन्तर्गत विभिन्न १७ वटा लक्ष्य तथा सूचकहरू सहित सहायक लक्ष्यहरु रहेका छन् । यी लक्ष्यहरुमा लक्ष्य ५ मा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने संग सम्वन्धीत छ । यस विश्वव्यापी निर्धारण गरेका सूचकहरूमा राष्ट्रिय योजना आयोगले नेपालको यथार्थतालाई विचार गर्दै २४५ वटा सूचकहरू थप गरेकोले नेपालको सन्दर्भमा ४७९ सूचकहरू रहेका छन् । निर्धारण गरिएको दिगो विकासका लक्ष्य र सूचकहरू कुनै भिन्नै वा फरक अवधारणा नभई राष्ट्रको आर्थिक सामाजिक विकास र वातावरण संरक्षणको एक एकीकृत अवधारणाको रुपमा लिनुपर्दछ । अन्य मुलुकहरू झैं नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिवद्धता जनाई राष्ट्रिय सूचकहरू सहित मार्गचित्र समेत तयार गरेको छ ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धी (सिड) लाई २२ अप्रिल १९९१ मा बिना कुनै शर्त अनुमोदन गरेको छ । यस महासन्धिले महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने तथा महिला र पुरुषबीच वास्तविक समानता कायम गर्ने मुख्य उद्देश्य राखेको छ । महिलाका मानव अधिकारहरु संरक्षण र सम्वर्द्धन गर्ने एक महत्वपूर्ण अन्तराष्ट्रिय लिखित दस्तावेजको रुपमा यो महासन्धी रहेको छ । यस महासन्धीले महिलाको आर्थिक, सामाजिक, राजनैतिक जीवनको अधिकार, ग्रामीण महिलाको अधिकार, स्वास्थ्य लगायत अधिकार सुनिश्चिता गरेको छ । महिला विरुद्ध भेदभाव उन्मूलन समितिले पक्ष राज्यले पेश गर्ने प्रतिवेदनको सुनुवाई तथा विश्लेषण गरी प्रतिवेदनमाथि गर्ने टिप्पणीलाई निष्कर्ष प्रदान गर्ने गर्दछ । समितिले निष्कर्ष सुझावमा पक्ष राज्यमा महिला महासन्धि अन्तर्गतको उत्तरदायित्व कार्यान्वयनमा रहेका कमी कमजोरी तथा अभावहरुलाई औंल्याउने, तथा महासन्धि अन्तर्गतको दायित्वहरु पालन गर्न आवश्यक सुझावहरु दिने काम गर्दछ ।

लैङ्गिक हिंसा र बाल विवाह समानता र बिकासको प्रमुख बाधकको रुपमा रहेको कुरालाई महशुस गरी दिगो विकासको लक्ष्यमा लैङ्गिक समानता हासील गर्ने र महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने, महिला, बालिका र किशोरीहरू विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्ने, सार्वजनिक तथा निजी क्षेत्रमा महिला, बालिका र किशोरीहरूमाथि हुने सबै किसिमका हिंसा लगायत मानव बेचविखन तथा यौन शोषणको अन्त्य गर्ने, बालविवाह, कम उमेरमा हुने विवाह र जवरजस्ती विवाह, तथा अन्य हानिकारक प्रथाहरूको अन्त्य गर्ने कुरा उल्लेख गरिएको छ

**२ गाउँपालिकाको भौगोलिक अवस्थाः**

नेपाल सरकारको वि.सं.२०७३ फागुन २७ गतेको निर्णयानुसार साविकका ४ वटा गाविसहरु बेलपाटा, लाँकुरी, अवलपराजुल, डाँडापराजुल लाई एक आपसमा गाभेर मिलाइ ६ वटा वडामा विभाजन गरी यो डुङ्गेश्वर गाउँपालिकाको संरचना तयार पारिएको हो । कुल १०५.२० बर्ग कि.मी. क्षेत्रफमा फैलिएको यो गाउँपालिका दैलेखका ११ वटा स्थानीय तहहरु मध्य क्षेत्रफलका हिसाबले तेस्रो सानो स्थानीय तह हो ।

दुन, टार, चुरे र महाभारत श्रेणीमा पर्ने रमणिय वातावरणमा रहेको सुन्दर गाउँपालिकामा थोरै साधन र स्रोतको लगानीवाट गाउँपालिकाको, सामाजिक आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा बिकास हुन सक्ने सम्भावना रहेको छ । भौगोलिक हिसाबले बिकट र बिकासको हिसाबले बिकासोन्मुख अवस्थामा यो गाउँपालिका रहेको छ ।

प्रेम बहादुर डिङ्गी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२०७८ सालको जनगणना अनुसार कुल १४,५९७ (चौध हजार पाँच सय सन्तानब्बे) जनसंख्या रहेको यो गाउँपालिका भित्र बिभिन्न जातजातीहरुको बसोबास रहेको छ । कुल जमिनको ५३.९७ प्रतिशत अर्थात ५ हजार ६ सय ७७ दशमलब ५६ हेक्टर भुभाग बनजंगलले ढाकेको यस गाउँपालिका भित्र प्रशस्त मात्रामा खोलानाला रहेका छन् ।

मुख्यतया क्षेत्री र ब्राह्मण जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा ठकुरी, गुरुङ्ग , मगर, कामी, दमाईको बसोबास रहेको छ भने केही संख्यामा अल्पसंख्यक जाति गाइने र वादी जातिको पनि बसोबास रहेको छ । हिन्दु, इसाई, मुस्लिम, बौद्ध धर्मावलम्वीहरु रहेका छन । धार्मिक तथा सांस्कृतिक रुपमा डुंगेल मन्दिर, भैरव मन्दिर, नारायण मन्दिर रहेका छन् । प्राकृतिक स्रोत साधनको रुपमा पराजुलीखोला, कुईंया ताल, स्लेट खानी, बनजंगल रहेको छ ।

## २. लै.स.सा.स का लागि भएका प्रयासहरुः

- १.आवधिक योजनामा
- २.बार्षिक वजेट
- ३.मध्यकालीन खर्च संरचना
- ४.गाउँपालिकाबाट सञ्चालित सम्पूर्ण कार्यक्रमगत व्यवस्थाहरु

## ४. विद्यमान समस्या र चुनौतीहरुः

समाबेशी लोकतन्त्रलाई संथागत गर्न, सामाजिक न्याय कायम गर्न र डुङ्गेश्वर गाउँपालिका अन्तरगतका समिति र संरचना निर्माणका लक्षित वर्गको समतामुलक पहुँच स्थापित गर्न लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण आबश्यक छ । यद्यपी यस गाउँपालिकाको सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको समस्या, चुनौती र अबसरहरु देहाय अनुसार रहेका छन् ।

- लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी बुझाईमा एकरुपता नहुनु
- विभिन्न लिंङ्ग, वर्ग क्षेत्र समुदाय र जातजाती बिच हुने व्यवहारगत विभेद हट्न नसक्नु ।
- गाउँपालिकाले योजना तर्जुमा प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको सवाल मुलप्रवाहीकरणमा नहुनु ।
- नियमित रुपमा लैङ्गिक उत्तरदायी वजेट परिक्षण नहुनु ।
- लक्षित वर्गले योजना तर्जुमालाई प्राथमिकतामा राख्न नसक्नु ।
- लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको लागि आबश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव ।
- लक्षित वर्गको अबसर र लाभ बितरणमा न्यायोचित पहुँच सुनिश्चित हुन नसक्नु । उनीहरुको आर्थिक र सामाजिक बिकासमा अन्तर कायम रहनु ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

- बञ्चितीकरणमा परेका वर्ग र समुहलाई आर्थिक सामाजिक रुपमा शसक्तिकरण गर्न नसक्नु, बञ्चितीकरणमा परेका समुदायको उत्थानका लागि टोल वा बस्ती स्तरमा कार्यक्रमहरु लैजानका लागि थप बजेटको व्यवस्था गर्नलाई प्राथमिकिकरण गर्न नसक्नु ।
- गाउँपालिकाका समिति संरचनामा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको भावना समेट्न नसक्नु, सबै जनप्रतिनिधि तथा कर्मचारीहरुमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीति कार्यान्वयन सम्बन्धमा उत्तिकै सचेतना र क्षमता नहुनु ।
- गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन र प्रतिबेदन प्रणालीले लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण अबधारणालाई अबलम्ब गर्न नसक्नु ।
- विभिन्न लक्षित वर्ग, क्षेत्र र समुदाय बिच असमानताका कारण लाभ बाडफाडमा वास्तविक लक्षित वर्गको पहिचान र पहुँचमा सुनिश्चितता नहुनु ।
- समाजमा बिद्यमान रहेका सामाजिक मुल्यमान्यताहरु कयम रहनु जसले गर्दा कानुनी व्यवस्थाको कार्यान्वयनमा समस्या उत्पन्न हुनु ।

## ५. सामाजिक समाबेशीकरण रणनीतिको आबश्यकता र औचित्य

समाजमा रहेका विभेदका कारण पहुँच स्रोत, सेवा, सूचना तथा निर्णायक भूमिकामा असर पर्ने गरेको छ । जसले फलस्वरुप सामाजिक संरचना नमिल्दो हुनुका साथै त्यहाँ उपलब्ध सेवा सुबिधाको समान उपभोग पनि नहुने गरेको अबस्था छ । यसको कारण वर्गिय, जातीय, क्षेत्रीय, भाषिक र धार्मिक रहेका छन् । यी विभेदहरुका बिरुद्धमा कानुनी व्यवस्था गरी लागु गरेको छ । कानून अनुसार यी विभेदहरु दण्डनीय छन् । तथापि समुदाय स्तरमा बिभेदहरु व्याप्त रहेको अझै देख्न सकिन्छ । यसै असमानताका अनेकन अवस्थालाई स्थानिय तहबाट उचित सम्बोधन गर्न डुङ्गेश्वर गाउँपालिकाले लैङ्गिकमैत्री समाबेशी गाउँपालिका बनाउने परिकल्पना गरेको छ । समुदायमा पछाडि पारिएका वा परेका महिला,दलित, आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक, सिमान्तकृत अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, हिंसा पीडितहरुलाई समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भुमिका सहित लैङ्गिक समानता र सामाजिक समाबेशीकरण मार्फत सबैले आत्मसम्मान बोध हुने वातावरण निर्माण गर्न र गाउँपालिकाबाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता र सामाजिक समाबेशीकरण पद्धतीलाई संस्थागत गर्न आबश्यक देखिएकोले डुङ्गेश्वर गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति तर्जुमा गरिएको हो । नेपालको संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वद्वारा निर्देशित सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति स्थानिय तहमा कार्यान्वयन गर्ने आधार तयारगर्न, दिगो विकास लक्ष्यको "लैङ्गिक समानता र महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने" लक्ष्य हासिल गर्न स्थानिय सरकारले प्राथमिकताका साथ कार्यक्रम कार्यान्वयन गर्ने वातावरण तयार गर्न, महिला, बाल-बालिका, अपाङ्गता भएका व्यक्ति, लैगिंक तथा यौनिक अल्पसंख्यक आदि विरूद्ध हुने लैङ्गिक हिंसा अन्त्य गरी सबैका लागि हिंसा रहित वनाउन यो नीतिको आवश्यकता महशुस गरिएको हो । यो रणनीति कार्यान्वया पश्चात गाउँपालिकाबाट देहायका बिषयहरुलाई सम्बोधन गर्ने प्रयास रहनेछ ।

- गाउँपालिकाको साधन स्रोत, लाभ र अवसरहरुबाट वञ्चितीकरणमा परेका सवै वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र समुदायको पहूँच सुनिश्चित गर्दै लोकतन्त्रका लाभहरुको सबै नागरिकहरुबीच न्यायोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी बनेका बिभिन्न प्रावधानहरुका बिषयमा नागरिकहरुलाई सु सुचित गरी सेवा सुबिधा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
- सरोकारवालाहरु बिच बुझाईमा एक रुपता कायम गर्न र लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुऱ्याउन ।
- गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी शासन व्यवस्थाको प्रर्बद्धन गर्न ।
- गाउँपालिकामा योजना तर्जुमा प्रक्रियालाई लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण मैत्री बनाउन ।
- गाउँपालिकामा नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन ।
- गाउँपालिकाको नीति कानुन र संरचनामा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणलाई मुलप्रवाहीकरण गर्न ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्धमा गरिएका प्रतिबद्धता, संघीय र प्रदेश सरकारका लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा गरिएका प्रतिबद्धता अनुरुपको दायित्व पुरा गर्न ।
- लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै न्यायोचित बितरणको व्यवस्था गर्न ।
- गुनासो सुनुवाईको उचित व्यवस्थापन गर्न ।
- नेपाल सरकारले गरेको दिगो बिकासको लक्ष्य स्थानिय स्तरमा कार्यान्वयन गर्न र सो प्रतिफल प्राप्त गर्न ।

**६ यस नीतिले अवलम्बन गरेका सिद्धान्तहरू :**

क) **कार्यान्वयनमा विभेद नहुने :** यो नीति कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरूमाथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

ख) **समानता :** यो नीतिले लैङ्गिकताका सवालमा सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई आत्मसाथ गरेको छ ।

ग) **कसैलाइ हानि नपुर्याउने:** यस नीतिले कसैलाई पनि हानि वा क्षति नपुर्याउने सिद्धान्त अंगालेको छ ।

घ) **शून्य सहनशीलता :** यो नीति कार्यान्वयनको सिलसिलामा जुनसुकै प्रकारको महिला तथा लैङ्गिक हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

ङ) **गोपनीयताको अधिकार :** यो नीतिले महिला तथा लैङ्गिक हिंसा प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ ।

च) **अर्थपूर्ण सहभागिता :** यो नीतिले यसको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको नेतृत्व तथा आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई जोड दिइएको छ ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

छ) साझेदारिता र सहकार्य : यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएको छ ।

७ माथि उल्लेखित औचित्यताहरुलाई पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११, उपधारा (२), बुँदा ठ को उपबुँदा २ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो *"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९"* तयार गरिएको हो । यस नीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण गाउँपालिकावासीहरुले विभेद र हिंसा रहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चित गर्नेछ ।

**७.१ नाम र प्रारम्भ:** यस नीतिको नाम *"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७९"* रहनेछ र यसको प्रारम्भ गाउँपालिकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

**७.२ परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा :

क) "नीति" भन्नाले "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७९", डुङ्गेश्वर गाउँपालिका, सम्झनुपर्दछ ।

ख) "गाउँपालिका" भन्नाले डुङ्गेश्वर गाउँकार्यपालिका लाई सम्झनु पर्दछ ।

ग) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

घ) "योजना" भन्नाले बार्षिक योजना र कार्यक्रम सम्झनु पर्दछ ।

ङ) "सामाजिक वञ्चितीकरणण" भन्नाले औपचारिक ऐन, नियम, कानुन आदि तथा परम्परा देखि चलिआएको अनौपचारिक मुल्य मान्यता बमोजिम लिङ्ग, जातजाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएका अवस्थालाई सम्झनुपर्छ ।

च) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपगोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्छ ।

छ) "सामाजिक समावेशी सम्पर्क व्यक्ति" भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको पदाधिकारी वा कर्मचारीलाई सम्झनुपर्छ ।

ज) "सामाजिक समावेशी बजेट" भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, वालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुनेगरी तर्जुमा गरिएको बजेट समेत सम्झनुपर्छ ।

झ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसंग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवम् प्रविधिक सहयोग उपलब्ध गराउने दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था सम्झनुपर्छ ।

ञ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ ।

ट) "सामुदायिक संस्था" भन्नाले जनचेतनासम्बन्धी तालिम, अभिमुखिकरण, सिप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रकिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायहरु आधारित संस्था सम्झनुपर्छ ।

ठ) "गैर-सरकारी संस्था" भन्नाले प्रचलीत कानून बमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर-नाफामूलक संस्था सम्झनुपर्छ ।

ड) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकतम उपयोग गर्ने प्रकिया सम्झनु पर्दछ ।

ढ) "बञ्चित समुह" भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक, लैंगिक तथा यौनिक अल्पसंख्यक, बाल-बालिका एवम् दुर्गक क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

ण) "अल्पसंख्यक" भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ।

त) "सीमान्तकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति–सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

थ) "लैङ्गिक प्रभाव विश्लेषण" भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कतिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

प्रेम बहादुर खि.सी.
प्रमुख प्रशासकीय अधिकृत

द) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्दछ ।

ध) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ ।

न) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनःसन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्दछ ।

प) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी वजेट" भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बाल-बालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्वोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी वनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र वजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्दछ ।

फ) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ ।

ब) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

भ) "लैङ्गिक उत्तरदायी वजेट" भन्नाले "लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउंदछ ।

म) "सामाजिक बञ्चितीकरणमा परेका समूहहरू" भन्नाले महिला, बाल-बालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैंगिक तथा यौनिक अल्पसंख्यक, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउंदछ ।

य) "सशक्तिकरण" भन्नाले विकासका अवसरहरुबाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, परेका अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

प्रेम बहादुर डिं सी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

र) "खण्डीकृत तथ्याङ्क" भन्नाले महिला, पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका एव एच.आई. भि.संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

**७.३ दीर्घकालिन सोच**

लैं.स.सा.स. मैत्री एवं सहभागीमूलक विकास निर्माण एवं सेवा प्रबाह गरि लैगिक, जातीय एवम् सवै प्रकारका भेदभावमुक्त पुर्ण समावेशी समतामूलक, स्वस्थ तथा समुन्नत गाउँपालिकाको निर्माण गर्ने ।

**७.४ लक्ष्य**

गाउँपालिकाको विकास, सेवा प्रबाह र अवसरहरूलाई महिला, सिमान्तकृत वर्ग तथा सामाजिक बञ्चितीकरणमा परेका समूहहरूको अर्थपूर्ण सहभागीता गराई गाउँपालिकाले भोग्नु परेका विधमान नकारात्मक सामाजिक मूल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याई गाउँपालिका को नीति, योजना, वजेट, अनुगमन प्रणाली आदिमा लैगिक मुलप्रवहिकरण गर्ने ।

**७.५ उद्देश्य, नीति तथा कार्यक्रमहरू**

**उद्देश्य १ः नीतिगत र कानुनी रूपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु ।**

नीतिहरु :

क) लैं.स.सा.स. सन्दर्भमा नेपालको कानुनमा भएको व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

ख) महिला तथा सीमान्तकृत समुहहरुको सशक्तिकरण सम्बन्धी नीतिगत व्यवस्थालाई थप प्रभावकारी वनाइनेछ ।

ग) महिला, बाल-बालिका, दलित, आदिबासी जनजाति, अपाङ्ग तथा अल्पसंख्यकहरुको मानव अधिकार लगायत वहुपक्षियका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न नीतिहरु निर्माण गरिनेछ ।

घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क ब्यक्ति तोकेर स्पष्ट कार्य जिम्मेवारी उपलब्ध गराईनेछ ।

ङ) गाउँपालिका र वडा तहमा नियमितरुपमा सार्वजनिक सुनुवाई गरिने छ । सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदायको उपस्थिति र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई उचित सम्बोधन गर्न सुचित गरिने छ ।

च) गाउँपालिका तहमा रहेका लक्षित समुदायको गुनासो सुन्नकालागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

छ) स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा उल्लेख्य काम गर्ने समुह, सस्था तथा ब्यक्ति लाई असल कामको प्रवद्र्धन गर्न वार्षिकरुपमा प्रोत्साहन गरिने छ ।

ज) गाउँपालिकामा रहेका विद्यालयहरुमा शिक्षक र बिद्यार्थीहरुहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणाका बारेमा अभिमुखिकरण गरिनेछ ।

झ) गाउँपालिकावाट सञ्चालन हुने सवै तालीम, अन्तरक्रिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणे विषय समेट्ने ।

कार्यक्रमहरू :

क) महिला, सीमान्तकृत समुह तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ ।

ख) नीति तथा कानुनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तयगरी नगरमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण गरिनेछ ।

ग) महिला, दलित, आदिबासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक लगायत सबै सीमान्तकृत समूहहरु आदिको अधिकार सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

घ) लैं.स.सा.स. को सवाललाई सबै क्षेत्रका नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्दै लगिनेछ ।

ङ) लै.स.सा.स.को व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू अद्यावधिक गर्दै लगिनेछ ।

च) नीति तथा कानुनी प्रावधानको आधारमा लक्षित कार्यक्रम तय गरी लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।

**उद्देश्य २ः लैं.स.सा.स. मैत्री, निति, योजना, बजेट निर्माण तथा कार्यान्वयन गरि विकास निर्माण र सेवा प्रवाहका सवाललाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नु ।**

नीतिहरुः

क) महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै महसुस हुने गरी गाउँपालिकाको सेवालाई पहुँचयोग्य बनाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

ख) गाउँपालिकाको राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिला तथा सीमान्तकृत समुहहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने नीति लिईनेछ ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ग) गाउँपालिकामा निर्माण हुने हरेक सार्वजनिक संरचना अपाङ्गतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइने नीति अवलम्बन गरिने छ ।

घ) आर्थिक, सामाजिक र राजनितिक गतिविधिहरूमा महिला तथा सीमान्तकृत समुहहरुको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

ङ) गाउँपालिकाको आवधिक र बार्षिक योजना, कार्यक्रम र बजेटमा लै.स.सा.स.का सवालहरु समावेश गर्न विषयगत शाखा/महाशाखा, सरोकारवालाहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघ-संस्था, निजि-क्षेत्र आदिलाई लै.स.सा.स. उत्तरदायी योजना तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्न अभिप्रेरित, सहजीकरण र आवश्यकता अनुसार क्षमता अभिवृद्धिका लागि समन्वय तथा सहकार्य गर्ने नीति लिईनेछ ।

च) गाउँपालिकाको बजेट तर्जुमामा लैङ्गिक उत्तरदायि बजेट तर्जुमालाई प्राथमिकता दिइने छ, यसरी बजेट तर्जुमा पश्चात लैङ्गिक उत्तरदायि बजेटको परिक्षणलाई नियमित बनाईनेछ ।

छ) वडा कार्यालयवाट विकासमा भएको लगानीको वार्षिक रुपमा लैङ्गिक वजेट अडिट गर्दै लैङ्गिक वजेटमा वढी लगानी गर्ने वडालाई थप आर्थिक अनुदान दिने निति लिइनेछ ।

कार्यक्रमहरु :

१. महिला, दलित, आदिबासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै महशुस हुने गरी सेवालाई पहुँचयोग्य बनाइनेछ ।

२. राजनीतिक, आर्थिक, सामाजिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिला लगायत सीमान्तकृत समूहहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ ।

३. लै.स.सा.स. तथा लैंगिक उत्तरदायी योजना तथा बजेटको अवधारणाको प्रवर्धन गरि यसै अनुसार गाउँपालिकाको विकासको लागी योजना तथा कार्यक्रम बनाई लागु गरिनेछ । यसरी योजना तथा बजेट निर्माण गर्दा महिला तथा सीमान्तकृत समूह आदिलाई प्राथमिकता दिई उनीहरुलाई विकासको मूलधारमा ल्याउन आवश्यक बजेट विनियोजन गरी निति योजना/कार्यक्रमहरुको प्राथमिकिकरण, कार्यान्वयन तथा अनुगमन गरिनेछ ।

४. सबै योजना र कार्यक्रमको लै.स.सा.स. मैत्री एवं नतिजामुखी अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने गराईनेछ

५. गाउँपालिकाको कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा अपाङ्गता भएका व्यक्तीहरुको सम्वेदनशीलतालाई ध्यान दिइ अपाङ्गता उत्तरदायी बजेटको निर्माण गर्न पहल गरिनेछ ।

राज बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

६. गाउँपालिकालाई बालमैत्री बनाउन बालमैत्री भवन, बालमैत्री शैक्षिक सामग्री, खेलकुद मैदान, पुस्तकालय, खानेपानी तथा सरसफाई, शौचालय, हिंसा पिडित बालबालिका हरुका लागी आकस्मिक संरक्षण स्थान तथा औषधि उपचारमा सहयोग गरिनेछ ।

७. अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक सहायक सामग्रीहरु बैशाखी, वाकर, सेतोछडी, श्रवण यन्त्र, विद्युतिय सुविधा सम्पन्न ह्विलचेयर, ट्राईसाइकल, कृतिम हातखुट्टा, बेल्ट सिटिङ चेयर र स्टेण्डिङ चेयर आदि, स्थानीय स्वास्थ्य संस्थाबाट नि:शुल्क र सजिलोसँग पाउने वातावरणको लागि कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ ।

८. हरेक सार्वजनिक संरचना अपाङ्गतामैत्री र ज्येष्ठ नागरिकमैत्री बनाउनका लागि प्रथामिकता दिइनेछ ।

९. दुर व्यवहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको सुरक्षा र सुरक्षित बसोबासका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

१०. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै उनीहरुले महशुस हुने गरी सेवालाई पहुँचयोग्य बनाइनेछ ।

११. मनो-सामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अटिजम, हेमोफेलिया, सुस्त श्रवण, बहिरा, न्युन दृष्टियुक्त अपाङ्गता जस्ता प्रष्ट नदेखिने किसिमका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी रोकथाम, परामर्श तथा सिफारिस सहित एकिकृत सेवा उपलब्ध गराउन सहयोग गरिनेछ ।

१२. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि विद्यालय शिक्षामा प्राविधिक तथा जीवन उपयोगी शिक्षाको लागि उचित बजेटको व्यवस्थापन गर्नुको साथै बालबालिकाहरुको अवस्था पहिचान गरी समावेसी शिक्षा र सुनाई सम्वन्धि अपाङ्गता भएका ब्यक्तिको लागि बिषेश शिक्षा प्रणालिको व्यवस्था र अपाङ्गता भएका परिवारका बाल बालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१३. अपाङ्गता उत्तरदायी बजेट प्रणालीको निर्माण र त्यस्ले अपेक्षा गरेका उपलब्धिहरुको प्रत्याभुत गर्ने कार्यमा सहजिकरण गराउने तथा बजेट तर्जुमाको समयदेखि नै कार्यक्रमहरुको अपाङ्गता समावेशी हुने गरी तर्जुमा ,कार्यान्वयन, अनुगमन गराउने कार्यलाई प्राथमिकता दिईनेछ ।

१४. अपांगता भएका व्यक्तिहरुले संचालन गरेका संघ संस्थाहरुलाई अपांगता लक्षित बजेट अनुदान दिने व्यवस्था गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुको संवेनशिलतालाई मध्य नजर गरी अनुदानको कार्यक्रमहरु सबै वर्गको सवाललाई सम्वोधन हुने गरी व्यवस्थापन गरिनेछ ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१५. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा (त) अनुसार अपाङ्गता भएको व्यक्तिहरुको खण्डीकृत तथ्यांकलाई व्यवस्थित गर्दै अभिमुखिकरण गर्न अनलाईन डाटा ईन्ट्री गर्नको लागि पहुचयुक्त सफ्टवेयरको निर्माण तथा अध्यावधिक कार्यको लागि कार्यक्रम तथा बजेट विनियोजन गरि कार्यान्वयन गरिनेछ ।

१६.संघ संस्था तथा समितिहरूमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँच योग्यता र सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लै.स.सा.स.को अवस्था लेखाजोखा गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।

**उद्देश्य ३: गाउँपालिकाको संस्थागत संरचना/संयन्त्र निर्माण तथा सुदृढीकरण गरि गाउँपालिकाको को संस्थागत तथा व्यक्तिगत तहमा क्षमता अभिबृद्धि गर्नु ।**

नीतिहरु :

क) लैं.स.सा.स. प्रवर्द्धन गर्न पालिकाको संस्थागत संरचना/संयन्त्र निर्माण तथा सुदृढीकरण गरि संस्थागत तथा व्यक्तिगत तहमा क्षमता अभिवृद्धि गर्ने नीति लिईनेछ ।

ख) गाउँपालिकाले आवश्यक कर्मचारीहरु नियुक्ति गर्दा प्रचलित कानून बमोजिम समावेशी सहभागीतालाई सुनिश्चित गर्न योग्यता पुगेका महिला तथा वञ्चितीकरणमा परेका, पारिएका र सीमान्तकृत समुदायलाई पनि प्राथमिकता दिई आकर्षित गर्न तत्काल संस्थागत प्रयास गरि उनीहरुको क्षमता वृद्धिमा लगानी गरि, थप अवसर दिई हरदम प्रोत्साहन गर्ने नीति लिईनेछ ।

ग) स्थानीयस्तरमा स्वास्थ्य, शिक्षा, कृषि, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन आदि सम्बन्धि विभिन्न विषय विशेष तालिमहरू योजनाबद्ध तथा नतिजामुखी बनाई सञ्चालन गर्ने नीति लिईनेछ ।

घ) लैं.स.सा.स.सम्बन्धी संचालनहुने सबै किसिमका तालिम, क्षमता विकास, सेमिनार, अवलोकन भ्रमण र छात्रवृति आदिमा सहभागीहरुको छनौट लै.स.सा.स. मैत्री तथा समावेशी प्रकृतिको गराई नतिजामुखी बनाई संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

ङ) स्थानीय जनता विशेष गरी लक्षित समुह तथा वञ्चितीकरणमा परेका समूहहरूको क्षमता विकास गरी यी वर्गहरुलाई स्थानीय तहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी एवं सहभागीमुलक विकास प्रक्रियालाई संस्थागत गर्ने नीति लिईनेछ ।

च) लैं.स.सा.स.सम्बन्धी विभिन्न तहहरुमा गठन हुने समिति, उप-समिति आदिमा पछाडि परेका/पारिएका महिला तथा वञ्चितीकरणमा पारिएका र सीमान्तकृत समुदायहरुबाट पनि प्रतिनिधित्व गरी उनीहरुको अर्थपूर्ण सहभागी गराउने नीति लिईनेछ । त्यसै गरी सम्पूर्ण किसिमका तालिम, क्षमता विकास, सेमिनार, अवलोकन भ्रमण र छात्रवृतिमा सहभागीहरुको छनौट लै.स.सा.स. मैत्री तथा समावेशी बनाई यसलाई नतिजामुखी बनाउने नीतिलाई अगिकार गरिनेछ ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

उद्देश्य ४: महिला लगायत सिमान्तकृत समूहहरुको लागि आर्थिक सशक्तिकरणका गतिविधिहरु सञ्चालन गर्नु ।

नीतिः दिगो विकास र आर्थिक समृद्धिकालागि महिला लगायत सीमान्तकृत समूहहरुको लागि आर्थिक सशक्तिकरणका गतिविधिहरु प्राथमिकताकासाथ सञ्चालन गर्ने नीति लिनेछ ।

कार्यक्रमहरू :

क) महिला लगायत सीमान्तकृत समूहहरुको व्यवहारिक सिप तथा ज्ञानको अध्ययन गरी प्रवर्द्धन गर्ने ।

ख) पालिकाको योजनामा महिला लगायत सीमान्तकृत समूहहरुको उद्यमशिलता प्रवर्द्धनगर्ने खालका कार्यक्रम तथा आवश्यक बजेट विनियोजन गर्ने ।

ग) महिला लगायत सीमान्तकृत समूहहरुलाई आर्थिक रुपमा सशक्त र स्वतन्त्र बनाउन आर्थिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालनका लागि कार्ययोजना तथा बजेट विनियोजन गर्ने ।

घ) महिला लगायत सीमान्तकृत समूहहरुलाई व्यवसाय सञ्चालन, बैंकिंग तथा वित्तिय कारोबार सम्बन्धी शिक्षा प्रदान गर्नुका साथै आधारभूत कानूनी क्षमता विकास गर्ने ।

ङ) उद्यमि महिला लगायत सीमान्तकृत समूह तथा लैंगिक तथा यौनिक अल्पसंख्यक आदि द्वारा उत्पादित सामाग्रीहरुको बजारीकरणका लागि सहयोग गर्ने ।

च) अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सशक्तिकरणका लागि अपाङ्गता लक्षित कार्यक्रमहरुको निर्माण गरि कार्यान्वयन गरिनेछ ।

छ) वैदेशिक रोजगारीमा गएका परिवारका महिला सदस्यहरु, वैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको सीप, ज्ञान र आम्दानीलाई व्यवस्थित र पुनर्उत्पादनमूलक बनाउने ।

ज) अपाङ्गता भएका व्यक्तिहरुको क्षमता र सीपको पहिचान गरी उनिहरुले उत्पादन गरेको सामग्रीको बजारीकरण व्यबस्थापनमा सहयोग गर्ने ।

झ) सामाजिक लैगिंक भुमिका रुपान्तरण गर्ने खालका आर्थिक उपार्जनसँग महिलालाई जोड्न आवश्यक व्यवसायीक ज्ञान तथा सिप प्रदान गर्ने ।

ञ) स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमबाट महिला लगायत सीमान्तकृत समूहहरुको आर्थिक सशक्तिकरण गर्दै उनीहरुको गरिवी न्युनिकरण गर्ने ।

ट) अपाङ्गता भएका व्यक्तिहरुको स्वरोजगारको लागि राज्यवाट अनुदान रकम र बैकको सामाजिक उत्तरदायित्व नीति अनुसार सहुलीयत ब्याज ऋण उपलब्ध गराई उनीहरुको आर्थिक शसक्तिकरण गर्न पहल गर्ने ।

प्रेम बहादुर खि.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

८) गाउँपालिकाको कृषि अनुदानहरु र कृषि कार्यक्रम तथा यसबारे दिईने तालिमहरुमा अपांगता समावेशिकरण गरी अपांगता भएको कृषकहरुलाई प्रोत्साहन गरि उनीहरुको आर्थिक शसक्तिकरण गर्न पहल गर्ने ।

**उद्देश्य ५: विपद तथा महामारी व्यवस्थापन गर्न कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने र सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा अभिवृद्धि गर्नु ।**

नीतिः सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत गाउँपालिका बाट दिने सेवालाई प्रभावकारी बनाउनको साथै विपद तथा महामारीका समयमा आउने सबै समस्याहरुको प्रभावकारी सम्बोधन गर्न प्राथमिकताका साथ काम दिने नीति लिनेछ ।

कार्यक्रमहरू :

१. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक आदिलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरणलाई थप प्रभावकारी बनाइनेछ ।

२. सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्याङ्क संकलन तथा व्यवस्थापन गरिनेछ ।

३. सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।

४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत गाउँपालिका बाट प्रवाह गरिने सम्पुर्ण सेवाहरुलाइ थप प्रभावकारिता बनाईनेछ ।

५. बेरोजगार अपाङ्गता भएका व्यक्तिहरु र अति अशक्त तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको लागि नियम-कानून अनुसार सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिनेछ ।

६. ज्येष्ठ नागरिक, दीर्घ-रोगी तथा अपाङ्गता भएका व्यक्ति आदिको सम्मान र सुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइनेछ ।

७. विपद तथा महामारीका समयमा हुने विभेद तथा सबै खालका सवाल तथा समस्याहरुको सम्बोधनका लागि नीति तथा कार्ययोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

**उद्देश्य ६ : समाजमा विद्यमान लैंगिक, सामाजिक, संस्कृतिक आदि संग सम्वन्धित नकारात्मक मूल्य, मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याउन सहयोग गर्नु ।**

नीतिः समाजमा विद्यमान लैंगिक, सामाजिक, संस्कृतिक आदि संग सम्वन्धित नकारात्मक मूल्य, मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याउन प्राथमिकता दिने नीति लिनेछ ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रमहरू :

१. लैगिक रुपमा रहेका समाजका असमान तथा विभेदकारी सामाजिक मुल्य-मान्यता, धारणा तथा व्यवहारहरु परिबर्तन गर्नका लागि प्रभावकारी तथा प्रमाणमा आधारित कार्यक्रमहरुको विकासगरि कार्यान्वयन गरिनेछ ।

२. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, बाल श्रम, लैगिक हिंसा, बाल बिबाह, बहु– बिबाह, दाहिजो, बोक्सी जस्ता अमानवीय प्रथा आदिको रोकथामको लागि कार्य-योजना तथा कार्यक्रम बनाई लागु गरिनेछ ।

३. समाजमा रहेको विभेदकारी सामाजिक मूल्य-मान्यता र व्यवहारहरुलाई परिवर्तन गर्ने खालका जनचेतनामूलक क्रियाकलाप तथा अभियानहरु सञ्चालन गरिनेछ ।

३. सरकारी पदाधिकारी, कानून पालन गर्ने गराउने निकायहरु, धार्मिक एवं सामुदायिक नेताहरु र सर्व-साधारण जनताहरुलाई लैंगिक तथा यौनिक अल्पसंख्यक, लैंगिक पहिचान तथा अभिव्यक्ति, लैंगिक विषेशताहरुको आधारमा हुने विभेद र घरेलु हिंसा आदिको बारेमा सचेतना, घरेलु तथा यौन हिंसा बिरुद्ध परिणाममा आधारित तालिमहरु उपलब्ध गराउने ।

४. लैंगिक तथा घरेलु हिंसा अन्त्यको लागि बहस, पैरवी तथा चेतनामूलक अभियान चलाई सूचना संचारमा महिला लगायत अन्य सिमान्तकृत समूहरुको सहभागिता र पहुँच वृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।

५. गाउँपालिका भित्र कार्यरत महिला संजाल, लैंगिक निगरानी समूह, महिला सहकारी संस्था, महिला तथा सीमान्तकृत वर्ग आदिले नेतृत्व गरेका सामाजिक र सामुदायिक संघ-संस्था गठन, सबलिकरण तथा बिस्तारमा सहयोग गर्ने ।

६. महिला तथा बालबालिकाहरु बिरुद्ध हुने हिंसा, हानीकारक एवं विभेदकारी अभ्यासहरुको अन्त्य लगायतका लैंगिक अन्तरहरू सम्बोधनका लागि र अति सीमान्तकृत समुदायका महिलाहरुका सवाल सम्बोधनका लागि आर्थिक सहयोग गर्ने ।

७. हिंसा प्रभावित अपाङ्गता भएका महिला तथा बालिकाहरुको न्यायमा पहुँच, उद्धार र पुनर्स्थापनाको लागि आवश्यक संयन्त्रको विकास गर्न सहयोग गर्ने ।

८. सबै वडामा समान कामको लागि समान ज्यालाको सुनिश्चितता गर्न जनचेतनामूलक कार्यक्रम तथा अभियानहरु सञ्चालन गर्ने ।

**८ कानुनी व्यवस्था**

लैङ्गिक असमानता, सामाजिक बहिष्करण, भौगोलिक विभेदले जकडिएको समाजलाई समतामुलक ढंगबाट निर्माण गर्ने उद्देश्य नेपालको संविधान २०७२ ले लिएको छ । यस संविधानमा सबै नागरिकलाई कानुनको दृष्टिमा समानताको हक प्रदान गर्दै कसैलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारिरीक अबस्था, अपाङ्गता, स्वास्थ्य स्थीति, वैवाहिक स्थिती, गर्भावस्था, आर्थिक अबस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

नगरिने भनेर प्रष्ट रुपमा लेखिएको छ । यसै तथ्यलाई आत्मसाथ गरी नेपालको सन्द्रभमा लैङ्गिक समानता र सामाजिक समाबेशीकरणको मुद्धालाई बहुआयामिक मानी सबै सरकारी तथा गैरसरकारी क्षेत्रहरुमा अनिवार्य पालना गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । अतः लैङ्गिक सामानता र सामाजिक समाबेशीकरण नीति कार्यान्वयन गर्नका लागि तत्कालित स्थानिय बिकास मन्त्रालयले लैङ्गिक सामानता र सामाजिक समाबेशीकरण नीति २०६६ तर्जुमा गरेको थियो ।

तथापी यसको कार्यान्वयन र जनस्तरमा यसप्रतिको चिन्तन अझै कमजोर रहेको पाइएकोले राष्ट्रिय ऐन तथा नियमहरु र अन्तराष्ट्रिय महाशन्धी र अभ्यासहरुको आधारमा लैङ्गिक सामानता र सामाजिक समाबेशीकरण अभियानमा व्यापकता ल्याउने प्रयास भईरहेको छ । यसलाई स्थानिय तहहरुबाटै कार्यान्वयन गर्ने पहल संघिय मामिला तथा स्थानिय प्रशासन मन्त्रालयले समेत गरेको छ । लैङ्गिक सामानता र सामाजिक समाबेशीकरण नीति तथा कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न लैङ्गिक सामानता र सामाजिक समाबेशीकरण नीति २०६६, स्थानिय तह लैङ्गिक सामानता र सामाजिक समाबेशीकरण परीक्षण कार्यविधि २०७६ नमूना कानुन र सामाजिक समाबेशीरण नीति २०७६ समेत कार्यान्वयनमा ल्याई सोही अनुरुप स्थानिय तहहरुलाई गर्न र गराउन सहजिकरण गरिरहेको छ । बदलिदो राजनीतिक परिस्थीति र संबैधानिक व्यवस्था अनुरुप भगवतीमाई गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले लैङ्गिक सामानता र सामाजिक समाबेशीकरणलाई प्रर्बद्धन गर्दै जाने रणनीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास, गाउँपालिकाले ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैङ्गिक सामानता र सामाजिक समाबेशीकरण समबन्धी सम्बेदनशिल भएर बनाउने प्रयास, वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक सामानता र समाबेशी सहभागितालाई जोड दिँदै योजना तथा कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

**९ संस्थागत व्यवस्था**

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको कार्यान्वयन समिति यस नीतिमा भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेको नीति अनूरुप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न यस गाउँपालिका स्तरमा देहाय बमोजिमको लैंगिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।

गाउँपालिका अध्यक्ष-संयोजक

गाउँपालिका उपाध्यक्ष-संदस्य

प्रमुख प्रशासकीय अधिकृत -सदस्य

सामाजिक विकास समिति संयोजक - सदस्य

कार्यपालिका सदस्यहरु मध्यबाट २ जना महिला सहित संयोजकले तोकेंको १ जना गरी तीन जना सदस्य

सामुदायिक संघ सस्था मध्येवाट समाबेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेको तीन जना -सदस्य

सामाजिक बिकास शाखा प्रमुख - सदस्य सचिव

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

समितिको काम कर्तब्य र अधिकारः

- लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई गाउँपालिकाको विकास कार्यक्रममा मुलप्रवाहीकरण गर्ने।
- सामाजिक समाबेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निभाउने ।
- लैङ्गिक तथा सामाजिक समोशीकरण नीति अनुरुप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरि कार्यान्वयन गर्ने गराउने ।
- नीति कार्यान्वियन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालय संग कार्यगत समन्वय कायम गर्ने ।
- नीति कार्यान्वियन सम्बन्धी अनुगमन तथा मुल्याङ्कन गर्ने गराउने ।
- महिला, वालबलिका लगायत वन्चितीकरणमा परेका समुदायको वर्गिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने ।
- आवधिक, वार्षिक,योजना तर्जुमा कार्यान्वियन वजेट वाँडफाट खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणली सामाजिक समावेशीकरणमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समाबेशीकरण उत्तरदायी बनाउन नियमितरुपमा सम्बन्धीत निकायलाई सुझाव दिने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वियनको लागि सरोकारवाला र अधिकारमुखी सघसंस्थाहरु सँग समन्वय र सहकार्य गर्ने र गराउने ।
- सामाजिक समावेशीकरण नीति कार्यान्वियन गर्नेक्रममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।
- यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वियन गर्ने र गराउने । गाउँपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासीकरुपमा बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्ने छ ।

**१०. समन्वय, सहकार्य, सहजीकरण र साझेदारी**

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं विकास साझेदार संस्थाहरु, अन्तराष्ट्रिय गै.स.स., गै.स.स., नागरिक समाज, संचार क्षेत्र, निजी क्षेत्र, सामुदायिक समूहहरू तथा नागरिकहरू बीच साझेदारी, समन्वय, सहकार्य, सहजीकरण तथा साझेदारी गरिनेछ :

**११. सम्भावित जोखिमहरु र जोखिम न्युनिकरण गर्ने उपायहरुः**

यस नीतिको कार्यान्वयन गर्ने काम वहुपक्षिय सरोकारको विषय भएकोले यसको सफल एवं प्रभावकारी कार्यान्वयन गर्न लाई निम्न जोखिम वा अवरोध आउन सक्छ जसको निराकरणका लागि देहायवमोजिमको उपायहरु अवलम्वन गरिनेछ :

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सम्भावित जोखिमहरु

- लै.स.सा.स.को लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच स्थापित नहुनु ।
- दक्ष जनशक्ति तथा वित्तिय श्रोतको अभाव।
- नीति कार्यान्वयनमा राजनीतिक इच्छा शक्ति कम हुनु ।
- सरोकारवालाहरुमा साझा बुझाईमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना ।
- लै.स.सा.स.को बिषय प्राथमिकतामा पर्न नसक्ने ।
- नीतिले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, सिमान्तकृत वर्ग तथा समूहलाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण यो नीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुनु ।
- नीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुनु ।

जोखिम न्युनिकरण गर्ने उपायहरु

- हरेक बर्ष बन्ने नीति, योजना तथा बजेटमा यो नीति कार्यान्वयन गर्न आवश्यक जनशक्ति तथा वित्तिय श्रोतको प्राथमिकताका साथ ब्यबस्था गर्ने ।
- सबै सरोकारवालाहरुसंग सहकार्य तथा समन्वय कायम राखी राजनीतिक स्वार्थ भन्दा माथि उठी समावेशी तथा सहभागीमुलक विकास गर्न गराउन यो नीति लागु गर्ने ।
- लै.स.सा.स. सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन नतिजामुखी तालिम, गोष्ठी, अन्तर्क्रिया तथा छलफलको आयोजना गर्ने ।
- लैससास मूलप्रवाहीकरणको कार्यमा गाउँपालिका नेतृत्व तथा सबै सरोकारवाला संघ-संस्था तथा व्यक्तिहरू लैङ्गिक मूलप्रवाहीकरण गर्ने कार्यमा बढीभन्दा बढी मात्रामा उत्प्रेरित एवं उत्साही भएर लागि रहने ।
- बहु-पक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।
- सबै सरोकारवालाहरुले नैतीक एवं कानुनी जिम्मेवारी लिने ।
- लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्सांकन गर्ने तथा लक्षित कार्यक्रम संचालन गर्ने ।
- नीतिको कार्यान्वयन के कस्तो भइरहेको छ यसको लागि सबै सरोकारवालाहरुसंग नियमित छलफल, अन्तर्क्रिया र कार्यान्वयनको सिलसिलामा देखिएका समस्या/सवालहरुबारे नियमित समिक्षा तथा मूल्याकन गरि अगाडी बढ्ने ।
- नीति कार्यान्वयन समितीको नियमित बैठक व्यवस्था गर्ने ।

**१२. नीतिको पुनरावलोकन तथा सुधार**

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्याङ्कन गरी नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिने छ ।

**१३. खारेजी तथा बचाउ**

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानून संग वाझिएमा बाझिएको हद सम्म सम्बन्धीत कानून बमोजिम नै हुने छ ।

प्रेम बहादुर डि.सी.
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति: २०७९/०७/२४

अध्यक्ष
**डुङ्गेश्वर गाउँपालिका, दैलेख**
कर्णाली प्रदेश, नेपाल

CamScanner